# आकाशवाणी समाचार- नेपाली

मितिः ०८ अगष्ट २०२५

समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

- प्रधानमन्त्री नरेन्द्र मोदी अनि ब्राजिलका राष्ट्रपति लुइज इनासियो लुला दा सिल्वाले हिजो टेलिफोनमा वार्ता गर्नु भयो।

- केन्द्रीय गृहमन्त्री अमित शाह अनि बिहारका मुख्यमन्त्री नीतीश कुमारले आज बिहारको सीतामढी जिल्लाको पुनौरा धाममा देवी सीतालाई समर्पित भव्य मन्दिर निर्माणको शिलान्यास गर्नु हुनेछ ।

- सडक परिवहन तथा राजमार्ग मन्त्री नितिन गडकरीले देशमा विश्वस्तरीय सडक तथा यातायात पूर्वाधार निर्माण भइरहेको बताउनु भएको छ।

- निर्वाचन आयोगले कांग्रेस नेता राहुल गान्धीको मतदाता सूची हेरफेरको आरोपलाई अस्वीकार गरेको छ।

- राष्ट्रिय सुरक्षा सल्लाहकार-एनएसए अजित डोभालले हिजो मस्कोको क्रेमलिनमा रुसी राष्ट्रपति भ्लादिमिर पुटिनसंग भेट गर्नु भयो ।

**प्रधानमंत्री-ब्राजील**

प्रधानमन्त्री नरेन्द्र मोदी अनि ब्राजिलका राष्ट्रपति लुइज इनासियो लुला दा सिल्वाले हिजो टेलिफोनिक वार्ता गर्नु भयो। प्रधानमन्त्री कार्यालयले एक विज्ञप्तिमा भनेको छ, कुराकानीको क्रममा दुई नेताहरूले व्यापार, प्रविधि, ऊर्जा, रक्षा, कृषि, स्वास्थ्य र दुई देशका जनताबीचको सम्बन्धमा सहयोग बढाउन सहमति जनाएका छन्। उनीहरूले पारस्परिक हितका क्षेत्रीय र विश्वव्यापी मुद्दाहरूमा पनि छलफल गरे। यस क्रममा प्रधानमन्त्री नरेन्द्र मोदीले गत महिना आफ्नो ब्राजिल भ्रमणको पनि उल्लेख गर्नु भयो । प्रधानमन्त्री कार्यालयले अनुसार, कुराकानीको क्रममा दुवै नेताले दुई देशबीचको रणनीतिक साझेदारीलाई नयाँ उचाइमा पुऱ्याउने प्रतिबद्धता दोहोऱ्याएका छन्।

**अमित शाह- विहार**

केन्द्रीय गृहमन्त्री अमित शाह अनि बिहारका मुख्यमन्त्री नीतीश कुमारले आज बिहारको सीतामढी जिल्लाको पुनौरा धाममा देवी सीतालाई समर्पित भव्य मन्दिर निर्माणको शिलान्यास गर्नु हुनेछ । भव्य मन्दिरको शिलान्यास र भूमिपूजन आज दिउँसो वैदिक मन्त्र जपको बीचमा हुनेछ। यस अवसरमा केन्द्रीय गृहमन्त्रीले एक सार्वजनिक सभालाई पनि सम्बोधन गर्नु हुनेछ । बनारस र मिथिलाका विद्वान र पुजारीहरूको निरीक्षणमा शिलान्यास गरिनेछ। मन्दिर र यसको वरपरको परिसर निर्माणमा अनुमानित ८ सय ८३ करोड रुपैयाँ खर्च हुनेछ। बिहार सरकारले नयाँ मन्दिर निर्माणको लागि ५० एकड जग्गा अधिग्रहण गर्ने निर्णय गरेको छ। मन्दिर व्यवस्थापन गर्न श्री जानकी जन्मभूमि पुनौरा धाम मन्दिर न्यास समिति नामक ट्रस्ट गठन गरिएको छ। केन्द्रीय गृहमन्त्रीले सीतामढीबाट भिडियो कन्फरेन्सिङ मार्फत सीतामढी-नयाँ दिल्ली अमृत भारत एक्सप्रेस रेलको पनि उद्घाटन गर्नु हुनेछ । यसले बिहारका धेरै महत्त्वपूर्ण स्थानहरू हुँदै नयाँ दिल्ली र सीतामढी बीच सिधा रेल सम्पर्क स्थापित गर्नेछ। आजको कार्यक्रममा भाग लिन अयोध्या, काशी, जनकपुर र दक्षिण भारत लगायत देशभरका साधु र सन्तहरू आइपुगेका छन्। सीतामढी, जनकपुर र सम्पूर्ण मिथिला क्षेत्रमा उत्साह र उत्सवको वातावरण छ।

BYTE

**गडकरी - आई. सी. ई. एम. ए.**

सडक परिवहन तथा राजमार्ग मन्त्री नितिन गडकरीले देशमा विश्वस्तरीय सडक तथा यातायात पूर्वाधार निर्माण भइरहेको बताउनु भएको छ , जसले यात्रा समय घटाइरहेको छ। उहाले यसले पर्यावरण संरक्षणलाई पनि प्रवर्द्धन गरिरहेको बताउनु भयो । हिजो नयाँ दिल्लीमा आयोजित भारतीय निर्माण उपकरण उत्पादक संघ - **आई. सी. ई. एम. ए.** को ७५ औं वार्षिक सम्मेलनलाई सम्बोधन गर्नु हुदै श्री गडकरीले भन्नु भयो, भारत अब जापानलाई उछिन्दै विश्वको तेस्रो ठूलो निर्माण उपकरण निर्माता बनेको छ। उहाले सडक निर्माणको गुणस्तरको बारेमा बोल्नु हुदै भन्नु भयो, सरकारले गुणस्तरमा सम्झौता गर्ने छैन र ठेकेदारहरू विरुद्ध कडा कारबाही गरिनेछ। उहाले सरकारले देशमा सडक तथा यातायात पूर्वाधारमा विश्वस्तरीय सुरक्षा उपायहरू र गुणस्तर कायम राख्नमा ध्यान केन्द्रित गरिरहेको बताउनु भयो । यस अवसरमा श्री गडकरीले निर्माण गतिविधिहरूमा डिजेल खपत कम गर्न र वातावरणीय प्रदूषण गर्ने घटकहरूको विकल्प अपनाउन आग्रह गर्नु भयो ।

**निर्वाचन आयोग-राहुल गांधी**

निर्वाचन आयोगले कांग्रेस नेता राहुल गान्धीको मतदाता सूची हेरफेरको आरोपलाई अस्वीकार गरेको छ। सामाजिक सञ्जालमा तथ्य जाँच आयोगले यी आरोपहरूलाई भ्रामक भनेको छ र यदि श्री गान्धीलाई लाग्छ कि उनले जे भनिरहेका छन् त्यो सही छ भने, उनले चुनाव नियम अनुसार घोषणापत्र वा शपथपत्रमा हस्ताक्षर गर्नुपर्छ। आयोगले यो पनि भनेको छ, यदि लोकसभामा विपक्षी दलका नेताले उनको कुरामा विश्वास गर्दैनन् भने, उनले अचाहिदो निष्कर्ष निकाल्ने र देशवासीहरूलाई भ्रमित गर्ने काम बन्द गर्नुपर्छ।

**भाजपा-राहुल गांधी**

भारतीय जनता पार्टीले निर्वाचन सञ्चालनमा निर्वाचन आयोगको निष्ठामाथि प्रश्न उठाएकोमा विपक्षी नेता राहुल गान्धीको आलोचना गरेको छ। हिजो नयाँ दिल्लीमा मिडियालाई सम्बोधन गर्नु हुदै पार्टी प्रवक्ता संबित पात्राले भन्नु भयो, श्री गान्धीले संवैधानिक संस्थाहरूमाथि आरोप लगाएको यो पहिलो पटक होइन। उहाले भन्नु भयो, श्री राहुल गान्धी र अन्य कांग्रेस नेताहरूले कांग्रेसले चुनाव जितेका राज्यहरूमा आयोगको इमानदारीमाथि प्रश्न उठाउँदैनन्। उहाले भन्नु भयो,जब कांग्रेसले २०२४ को लोकसभा चुनावमा ९९ सिट जित्यो, पार्टीले विजयको उत्सव मनायो। उहाले त्यसो गर्नुले कांग्रेसको छनौटपूर्ण आक्रोशलाई स्पष्ट रूपमा प्रतिबिम्बित गरेको बताउनु भयो ।

BYTE

योभन्दा पहिला एक पत्रकार सम्मेलनमा कांग्रेस नेता राहुल गान्धीले मतदाता सूचीमा हेरफेरको आरोप लागाउनु हुदै चुनावको निष्पक्षतामाथि प्रश्न गर्नु भएको थियो ।

**उत्तरप्रदेश - छात्रवृत्ति**

उत्तर प्रदेश सरकारले भारत रत्न श्री अटल बिहारी वाजपेयी-सेवनिंग उत्तर प्रदेश राज्य सरकार छात्रवृत्ति योजनालाई अनुमोदन गरेको छ। यो पहलको उद्देश्य राज्यका मेधावी विद्यार्थीहरूलाई बेलायतमा उच्च शिक्षा हासिल गर्ने अवसर प्रदान गर्नु हो। राज्य मन्त्रिपरिषद्को निर्णय घोषणा गर्दै उच्च शिक्षा मन्त्री योगेन्द्र उपाध्यायले भन्नु भयो, यस योजना अन्तर्गत, राज्यका पाँच प्रतिभाशाली विद्यार्थीहरूलाई ब्रिटेनको कुनै पनि प्रतिष्ठित विश्वविद्यालयमा एक वर्षको स्नातकोत्तर डिग्री हासिल गर्न प्रत्येक वर्ष यो छात्रवृत्ति प्रदान गरिनेछ। उहाले भन्नु भयो, यो छात्रवृत्ति राज्य सरकार र बेलायतको विदेश, राष्ट्रमंडल र विकास कार्यालयसँगको सहकार्यमा प्रदान गरिनेछ। छात्रवृत्ति प्याकेजमा शिक्षण शुल्क, परीक्षा र अनुसन्धान खर्च, मासिक आवास भत्ता र इकोनोमी क्लास हवाई यात्रा खर्च समावेश हुनेछ। छनोट प्रक्रिया उत्तर प्रदेश सरकार र ब्रिटेन बीच हस्ताक्षर गरिएको सम्झौता अनुसार हुनेछ। यो योजना शैक्षिक वर्ष २०२५-२६ बाट सुरु हुनेछ र आगामी तीन शैक्षिक वर्षसम्म प्रभावकारी रहनेछ। योजना अन्तर्गत, राज्य सरकारले प्रति विद्यार्थीलाई लगभग २३ लाख रुपियाँ योगदान गर्नेछ, जबकि बाँकी रकम ब्रिटेनले खर्च गर्नेछ।

**अजित डोभाल**

राष्ट्रिय सुरक्षा सल्लाहकार-एनएसए अजित डोभालले हिजो मस्कोको क्रेमलिनमा रुसी राष्ट्रपति भ्लादिमिर पुटिनसंग भेट गर्नु भयो। यसअघि श्री डोभालले रुसी सुरक्षा परिषद्का सचिव सर्गेई शोइगुसँग वार्ता गर्नु भएको थियो। यस अवसरमा बोल्दै श्री डोभालले भारतको रुससँग विशेष र लामो समयदेखिको सम्बन्ध रहेको र यो सम्बन्धलाई महत्व दिने बताउनु भयो। उहाले दुई पक्षबीच उच्चस्तरीय वार्ता भएको , जुन धेरै महत्त्वपूर्ण रहेको बताउनु भयो । सुरक्षा सल्लाहकारले रुसी राष्ट्रपति भ्लादिमिर पुतिनले  चाँडै भारतको भ्रमण गर्ने र उहाको भारत भ्रमणको मिति लगभग अन्तिम रूप दिइएको पनि बताउनु भयो।

BYTE

**<u>मानसरोवर यात्रा</u>**

कैलाश मानसरोवर यात्राको अन्तिम समूह हिजो राति सिक्किमको राजधानी  गान्तोक पुगेको छ। नाथुला दर्रा हुँदै यात्रा गर्ने यो अन्तिम र दशौं समूहमा अधिकारीहरू सहित जम्मा पचास श्रद्धालुहरु  छन्। आज, भारत-तिब्बती सीमा पुलिसका अधिकारीहरूले समूहलाई यात्रासँग सम्बन्धित आवश्यक जानकारी दिनेछन्। यात्रा सुरु गर्नु अघि, यो समूह सेरथाङ र १७ माइलमा चार दिन बस्नेछ। यो यात्रा ११ देखि १२ दिनमा पूरा हुने अपेक्षा गरिएको छ। पाँच वर्षको अन्तराल पछि, यस वर्ष सिक्किमको नाथुला हुँदै फेरि यात्रा सुरु भएको छ।